# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

## सेवा आयोग

## आन्तरिक प्रतियोगितात्मक बढुवाद्वारा हुने पदपूर्ति सम्बन्धी सूचना नं. २/२०७९-०८०

**प्रथम पटक प्रकाशित मिति : २०८०/०१/१५**

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्राज्ञिक, प्राविधिक र प्रशासन तर्फका विभिन्न सेवा, समूह र उपसमूहमा लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम रिक्त रहेका तपशिल बमोजिमका पदहरु आन्तरिक प्रतियोगितात्मक परीक्षाद्धारा हुने बढुवा मार्फत पदपूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित सेवा समूहमा सहायक तहको हकमा कम्तीमा ३ (तिन) वर्ष र अधिकृत तहको हकमा कम्तीमा ४ (चार) वर्ष स्थायी सेवा अवधि पूरा गरी प्रतिष्ठानको नियमावली बमोजिम तोकिएको योग्यता पुगेका एक तह मुनिका पदमा कार्यरत उम्मेदवारहरुले दरखास्त दिने अन्तिम मिति २०८०/०२/०४ गते सम्म र दोब्बर दस्तुर तिरी मिति २०८०/०२/११ गते सम्ममा अनलाईन दरखास्त आव्हान गरिन्छ। तोकिएको म्याद भित्र अनलाईन अपलोड नभएको र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुनेछैन। झूठा विवरण उल्लेख गरेको वा पेश गरेको पाईएमा सोको जवाफदेही उम्मेदवार स्वयम् हुनेछ। दरखास्त पेश गर्ने अन्तिम मिति २०८०/०२/०४ गते पछि प्राप्त हुने शैक्षिक योग्यता, काउन्सिल दर्ता प्रमाणपत्र, तालिम, अनुभव र सेवा अवधि मान्य हुने छैन।

**अनलाईन दरखास्तको साथमा निम्न लिखित कागजातहरुको स्पष्ट बुझिने Scan Copy अनलाईन मार्फत नै अपलोड गर्नुपर्नेछ।**

- दुवै तर्फको प्रष्ट बुझिने गरी नेपाली नागरिकताको प्रमाण-पत्र।
- विज्ञापित पद/तहको लागि प्रवेशिका र सो देखि माथिल्लो शैक्षिक योग्यताको लब्धाङ्क (Transcript) पत्र र चारित्रिक (Character) प्रमाणपत्र।
- विदेशी शैक्षिक संस्थामा अध्ययन गरेको भए त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र।
- काउन्सिल दर्ता प्रमाण-पत्र आवश्यक हुने पदहरुको हकमा सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको प्रमाण-पत्र।
- प्रतिष्ठानको नियमानुसार अधिकृत तहको हकमा ४ वर्ष र सहायक तहको हकमा ३ वर्ष स्थायी सेवा अवधि पुगको भनी सम्बन्धित विभाग/स्कूल प्रमुखले गरेको प्रमाणित सिफारिस पत्र।
- दुवै कान देखिने गरी हालसालै खिचिएको पासपोर्ट साईजको फोटो।
- उम्मेदवारको दस्तखतको डिजिटल (image/jpg/jpeg/png) कपी अपलोड गर्ने।
- लिखित परीक्षा दस्तुर भुक्तानीको लागि दरखास्तको Apply Tab भित्र गई connect IPS मार्फत प्रतिष्ठानको खातामा बुझाउनुपर्नेछ।
- परीक्षाको किसिमः लिखित र अन्तर्वार्ता।
- लिखित परिक्षा लोक सेवा आयोगले लिनेछ।
- सम्वन्धित पद तथा बिषयको पाठ्यक्रम प्रतिष्ठानको वेबसाइट https://www.pahs.edu.np बाट डाउनलोड गर्न सकिनेछ।
- अनलाईन आवेदनको लागि वेबसाइट https://www.pahs.edu.np मा रहेको आन्तरिक प्रतियोगिताको Link मा गई दरखास्त पेश गर्न सकिनेछ।
- प्रतिष्ठानको कर्मचारी सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौं संशोधन) को नियम ३८ अनुसार बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउनेले दरखास्त पेश गर्न पाउने छैन।
- प्रतिष्ठानको कर्मचारी सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौं संशोधन) र सूचनामा उल्लेख भएको योग्यता नपुगेको दरखास्त जुनसुकै समयमा पनि रद्द गर्न सकिनेछ।
- लिखित परिक्षा हुने मिति तथा परिक्षाकेन्द्र बारे विस्तृत जानकारी एवं सम्पर्क मिति सेवा आयोगको वेबसाइट www.pahs.edu.np मा प्रकाशित गरिनेछ।

| क्र.सं. | विज्ञापन नम्बर | पदको नाम | सेवा | समूह | उपसमूह | तह | माग पद संख्या | दरखास्त दस्तुर | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०/२०७९-०८० | सह प्राध्यपक | प्राज्ञिक | ईन्टर्नल मेडिसिन | | १० | १ | २००० | स्नातकोत्तर |
| २ | ८१/२०७९-०८० | सह प्राध्यपक | प्राज्ञिक | प्रसुति तथा स्त्री रोग | | १० | १ | २००० | स्नातकोत्तर |
| ३ | ८२/२०७९-०८० | सह प्राध्यपक | प्राज्ञिक | बाल चिकित्सा | | १० | १ | २००० | स्नातकोत्तर |
| ४ | ८३/२०७९-०८० | सह प्राध्यपक | प्राज्ञिक | आकस्मिक तथा बहिरंग | | १० | १ | २००० | स्नातकोत्तर |
| ५ | ८४/२०७९-०८० | सह प्राध्यपक | प्राज्ञिक | एनेस्थेसिया | | १० | १ | २००० | स्नातकोत्तर |
| ६ | ८५/२०७९-०८० | सह प्राध्यपक | प्राज्ञिक | समुदाय स्वास्थ्य विज्ञान विभाग | | १० | १ | २००० | MBBS/BDS गरी MD in Community Health Sciences वा MPH |
| ७ | ८६/२०७९-०८० | सह प्राध्यपक | प्राज्ञिक | नर्सिङ्ग | Adult Health | १० | १ | २००० | स्नातकोत्तर in Adult Health |
| ८ | ८७/२०७९-०८० | सह प्राध्यपक | प्राज्ञिक | नर्सिङ्ग | Child Health | १० | १ | २००० | स्नातकोत्तर in Child Health |
| ९ | ८८/२०७९-०८० | वरिष्ठ प्रशिक्षण सहायक | प्राज्ञिक | नर्सिङ्ग | | ८ | १ | १४०० | स्नातक |
| १० | ८९/२०७९-०८० | ल्याव सुपरभाइजर | प्राविधिक | ल्याव | | ९क | १ | १६०० | स्नातकोत्तर |
| ११ | ९०/२०७९-०८० | प्रमुख नर्सिङ्ग अधिकृत | प्राविधिक | नर्सिङ्ग | | ८ख | १ | १४०० | स्नातक |
| १२ | ९१/२०७९-०८० | सिनियर नर्सिङ्ग अधिकृत | प्राविधिक | नर्सिङ्ग | | ८क | १ | १४०० | स्नातक |
| १३ | ९२/२०७९-०८० | ल्याव टेक्नोलोजिष्ट | प्राविधिक | ल्याव | | ७ | १ | १४०० | स्नातक |
| १४ | ९३/२०७९-०८० | सिनियर स्टाफ नर्स | प्राविधिक | नर्सिङ्ग | | ६ | ३ | १००० | प्रमाणपत्र वा सो सरह |
| १५ | ९४/२०७९-०८० | सिनियर ल्याव टेक्निसियन | प्राविधिक | ल्याव | | ६ | १ | १००० | प्रमाणपत्र वा सो सरह |
| १६ | ९५/२०७९-०८० | सिनियर रेडियोलोजी टेक्निसियन | प्राविधिक | रेडियोलोजी | | ६ | १ | १००० | प्रमाणपत्र वा सो सरह |
| १७ | ९६/२०७९-०८० | रेडियोलोजी टेक्निसियन | प्राविधिक | रेडियोलोजी | | ५ | १ | १००० | प्रमाणपत्र वा सो सरह |
| १८ | ९७/२०७९-०८० | ल्याव टेक्निसियन | प्राविधिक | ल्याव | | ५ | १ | १००० | प्रमाणपत्र वा सो सरह |
| १९ | ९८/२०७९-०८० | फार्मेसी टेक्निसियन | प्राविधिक | फार्मेसी | | ५ | १ | १००० | प्रमाणपत्र वा सो सरह |
| २० | ९९/२०७९-०८० | स्टाफ नर्स | प्राविधिक | नर्सिङ्ग | | ५ | १ | १००० | प्रमाणपत्र वा सो सरह |
| २१ | १००/२०७९-०८० | सिनियर अ.न.मी | प्राविधिक | नर्सिङ्ग | | ४ | १ | ८०० | एस.एल.सी वा सो सरह गरी अ.न.मी उत्तिर्ण |
| २२ | १०१/२०७९-०८० | प्रशासन सहायक | प्रशासन | सामान्य प्रशासन | | ६ | २ | १००० | प्रमाणपत्र वा सो सरह |
| २३ | १०२/२०७९-०८० | जुनियर प्रशासन सहायक | प्रशासन | सामान्य प्रशासन | | ५ | १ | १००० | प्रमाणपत्र वा सो सरह |

**आवश्यक थप योग्यता :** प्राज्ञिकतर्फ बढुवाको लागि पाटन स्वास्थ्य प्रतिष्ठान कर्मचारी सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौं संशोधन) नियम ३७ (२) संग सम्बन्धित अनुसूची - ११ बमोजिम हुने छ।

**अन्य विषयः** सूचनामा स्पष्ट नभएका बिषय प्रतिष्ठानको कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौं संशोधन) बमोजिम हुनेछ। विज्ञापन सम्बन्धमा थप कुरा बुझ्नुपर्ने भएमा सेवा आयोगको फोन नं ०१५५५५३५२ साथै प्रतिष्ठानको फोन नं ०१५५४५११२/०१५५४५१५२ बाट सेवा आयोगको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**सचिव**

Size: 4x37cc